लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

सूचना नं : ०२ । २०८३/८४

## कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन भएको मितिः २०८३।०६।०१)

आर्थिक वर्ष २०८३८/४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेख गरेका कार्यक्रमहरूमा सहभागी हुन इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८३।०६।३० गते सम्म) यस केन्द्रमा तपसिल अनुसारका कागजातहरू सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढ़ाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्र, केन्द्रको वेवसाईट (akcgulmi.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

| क्र. सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार,<br>स्यालो ट्यूववेल जडान। | • कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारी /जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• फर्म/कम्पनीको हकमा न्यूनतम ५ रोपनी र सामुदायिकको हकमा २.५ हैक्टर सिंचित क्षेत्र विस्तार हुनुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने |
| २ | क्षेत्रफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (हंसराज धान) | | • कृषक/ कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कम्तिमा २ रोपनी क्षेत्रफलमा तोकिएको वाली एकल वा सामूहिक रुपमा लगाएको हुनुपर्ने,<br>• जग्गाधनी स्वयंले नागरिकता, जग्गाधनी पूर्जाको प्रतिलिपि सहित आवेदन दिनुपर्ने,<br>• कार्यालयले तोकिएको बाली लगाइरहेको क्षेत्रफल एकिन गर्नुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ३ | बीउ उत्पादन प्रवर्द्धन सहयोग कार्यक्रम | • उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, सुक्ष्म तत्व खरिद, | • बीउ बिजन उत्पादन तथा कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो | स्वीकृत कार्यविधि |

निमित्त कार्यालय प्रमु

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
तम्घास, गुल्मी

सूचना नं : ०२ । २०८३/८४

| क्र. सं | कार्यक्रम | सञ्चालन गर्न सकिने कियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | | • प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद, भण्डारण सामाग्री तथा बजारीकरणमा सहयोग। | संस्थासँग समन्वय गरेको हुनुपर्ने। • खाद्यान्य/दलहन/तेलहनबालीको वीउ उत्पादनलाई प्राथमिकता दिइने। | बमोजिम हुने |
| ४ | युवा लक्षित कृषि उत्पादन/उद्यमशीलता कार्यक्रम | • कृषि मूल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना। | • १८ बर्षदेखि ४० वर्षका युवा सहभागी हुन सक्ने, • कृषि मुल्य श्रृंखला विकास नवप्रवर्द्धन योजना/कृषिसंग सम्बन्धित सीपको उपयोग सम्बन्धी प्रस्ताव पेश गर्नुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ५ | रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम | • खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारी, मसलाजन्य रैथाने तथा स्थानीय जातका बाली तथा वस्तुको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक) | • उत्पादन/संकलन/प्रशोधन/ बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने, | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ६ | महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामग्री सहयोग | • प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामग्रीहरू खरिद। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने, • मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने |

आवश्यक कागजातहरू:

१. निवेदन (निवेदनको ढाँचा उपलब्ध रहेको)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि) ।

निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

सूचना नं : ०२ । २०८३/८४

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि) ।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (ढाँचा उपलब्ध रहेको) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिश पत्र।
७. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा तोकिएको अवधिको करार पत्र।

पुनश्च: उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अगि बढाउन कार्यालय बाध्य हुने छैन । आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगि कक्षमा रहेका कर्मचारीहरुबाट आवश्यक सहयोग लिन सकिने छ र सम्बन्धी पालिकाका कृषि शाखामा थप बुझ्न सकिने छ ।

थप जानकारीका लागि
कृषि ज्ञान केन्द्र, गुल्मी
फोन नं :०७९ ५२०१२६
मोबाइल नं: ९८५७०८५१२६
वेभ साइट akcgulmi.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र गुल्मी, नेपाल

निमित्त कार्यालय प्रमुख